# मधेशी आयोग
ज्वागल, ललितपुर

पत्र संख्याः ०७७/०७८

फोन नं: ०१-५२६११८५
टोलफ्रि नं: १६६००११६१८५

मितिः २०७७/०५/१५

## प्रेस विज्ञप्ति

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (Covid-19) को कहरले विश्वलाई आक्रान्त पारिरहेको बेलामा नेपाल पनि दिन प्रतिदिन झन प्रभावित हुँदै गएको यथार्थपरक अवस्था हाम्रो सामु रहेको छ । यस अवस्थामा सरकारले मुलुकको विभिन्न जिल्ला लगायत उपत्यका भित्र निषेधाज्ञा जारी गरिएतापनि संक्रमणको दरका साथै मृत्यु हुनेको सँख्या झन-झन बढ्दो अवस्थामा रहेको छ । यस अवस्थालाई मध्यजनर गर्दै कोभिड-१९ को सम्बन्धमा र समाजमा शान्ति सुरक्षा लगायतका समसामयिक विषयमा छलफलको लागि माननीय अध्यक्षज्यूको अध्यक्षतामा सुरक्षा निकायका पदाधिकारीहरुसँग बैठक बसेको थियो । बैठकमा नेपाल प्रहरीका प्रहरी अतिरिक्त महानिरीक्षक, सशस्त्र प्रहरी बलका प्रहरी नायब महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक र आयोगका सचिव लगायतका कर्मचारीको उपस्थितिमा सबैबाट आ-आफ्ना विचारहरु प्रस्तुत गरिएको थियो । आजको बैठकबाट नेपाल सरकार लगायत सम्बन्धित सबैको लागि सुझाव स्वरुप निम्न बुदाँहरु प्राप्त भएको जानकारी गराइन्छ ।

१. रौतहट जिल्लाको हिरासतमा रहेको व्यक्तिको मृत्यु तथा पूजारीको हत्याका साथै अन्य विषयमा सत्यतथ्य छानविन गरि दोषी उपर कडा कारवाही हुनुपर्ने साथै ससरी सहितका जिल्लामा भएका घटनाहरुलाई समयमै निरुपण गर्नुपर्ने ।
२. स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मीहरुको लागि PPE, जीबन विमा, जोखिम भत्ता तत्काल व्यवस्थापन गर्नुपर्ने ।
३. सामाजिक अपराधहरु तिव्र रुपमा बढ्दै गएकोले यसका रोकथामका उपायहरु अबलम्बन गरि समयमै सचेत तथा सुरक्षित रहनुपर्ने ।
४. तराईका विभिन्न जिल्लाका सीमामा सुरक्षा Post तथा थप जनशक्तिको व्यवस्था गर्नुपर्ने ।
५. निजी अस्पतालाई पनि कोरोना सम्बन्धी उपचारको लागि प्रभावकारी संलग्न गराउनुपर्ने ।
६. विभिन्न निकायहरुमा भएका काम काजको विषयमा सूचना पारदर्शी हुनुपर्ने ।
७. दिन प्रतिदिन कोरोना महामारी फैलिदै गएकोले अस्पतालहरुमा क्वारेन्टाईनको संख्या नपुग भएको हुँदा होम क्वारेन्टाईनको मापदण्ड लागु गरि वैकल्पीक व्यवस्थामा परिणत गर्दै लैजानु उपयुक्त हुने ।
८. PCR Test गरेर मात्र शवको तत्कालै व्यवस्थापन गर्नुपर्ने ।
९. शिक्षा क्षेत्र संचालन हुन नसकेको कारण विद्यार्थी वर्गमा मानसिक तथा सामाजिक विचलन बढ्दै गएकोले वैकल्पिक शिक्षा प्रभावकारी एंव सबैको पहुँचमा ल्याउनुपर्ने ।
१०. गरिबी र बेरोजगारीको कारणले समाजमा हत्या, हिंसा, लुटपाट र डकैतीको अवस्था पुन: सृजना हुने डर समाजमा व्याप्त रहेकोले यसप्रति सजग र सतर्क हुनुपर्ने ।
११. लोकचेतनाका कार्यक्रमहरु प्रभावकारी बनाउनु पर्ने ।
१२. किसानलाई समयमै मल उपलब्ध गराउनु पर्ने ।

**"मधेशी आयोगको हेल्पलाइन नं. ११५२ सधै तपाईहरुको सेवामा उपलब्ध छ "**

.....................

भुवन बहादुर कार्की
प्रवक्ता